# लिलाम विक्री सम्बन्धी सुचना

(प्रथम पटक प्रकाशित मितिः २०७५/०२/०७

नेपाल विद्यूत प्राधिकरण, केन्द्रिय भण्डार तथा कार्यालय परिसर भित्र रहेका कार्यालयको काममा नआउने टूट फूट भै बेकम्मा भएका जिन्सी सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्र प्रथाबाट विक्री गरिने भएकोले इच्छूक व्यक्ति, फर्म वा कम्पनीबाट तपशलिमा उल्लेखित शर्तको अधिनमा रहने गरी रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरिन्छ ।

तपशील

१) बोलपत्र खरिद गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले श्री ने.वि.प्रा. केन्द्रिय भुक्तानि महाशाखाको नाममा श्री कुमारी बैक लि. पुतलीसडक शाखामा संचालित चल्ती खाता नं. ००१०००२२८७३००००१ मा रु. १०००।- (पछि फिर्ता नहूने) बूझाएको सक्कल भौचर पेश गरी यो सुचना प्रथम पटक प्रकाशित मितिले २१ औं दिनसम्म कार्यालय समयभित्र ने.वि.प्रा., केन्द्रिय भण्डार शाखाबाट खरिद गर्न सकिने छ । यसरी विक्रि भएका वोलपत्रहरु २२ औ दिनको १२.०० बजे सम्म दर्ता भईसक्नु पर्नेछ । प्राप्त बोलपत्रहरु सोही दिनको १४:०० बजे बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधिको रोहवरमा केन्द्रिय कार्यालयमा खोलिने छ । खरिद वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय खूलेको दिन खरिद वा दाखिला गर्न र खोल्न सकिने छ ।

२) बोलपत्र फारम खरिद गर्न आउने व्यक्ति, फर्म वा कम्पनीले अध्यावधिक नविकरण सहितको फर्म वा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर(भ्याट) दर्ता प्रमाणपत्र र आ.व. २०७३/०७४ सम्मको कर चूक्ता प्रमाणपत्र तथा व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि निवेदनसाथ संलग्न गरी बोलपत्र खरिद गर्न सकिनेछ ।

३) बोलपत्र पेश गर्दा आफुले कबोल गरेको रकमको १०% ले हून आउने रकम धरौटी वापत श्री ने.वि.प्रा. केन्द्रिय भुक्तानि महाशाखाको नाममा रहेको श्री कुमारी बैक लि. पुतलीसडक शाखामा संचालित चल्ती खाता नं. ००१०००२२८७३००००१ मा नगदै जम्मा गरेको सक्कल बैंक भौचर वा बैंक जमानतको हकमा कम्तिमा नब्बे दिन मान्य अवधि भएको नेपाल राष्ट्र बैंकबाट अनूमति प्राप्त "क" श्रेणीको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत संलग्न गर्नू पर्नेछ ।

४) आफुले कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नू पर्नेछ । अङ्क र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । दूबैमा केरमेट भई स्पष्ट नभएमा वा स्पष्ट भएको केरमेटमा बोलपत्र दाताको दस्तखत एव्म् छाप नलागेकोमा समेत बदर हूनेछ ।

५) रित पूगेका प्राप्त बोलपत्रहरु मध्ये बढी रकम कबोल गर्ने बोलवालालाई उक्त सामानहरु दिने नदिने र कूनै कारण जनाई वा नजनाई आशिंक वा पूर्ण रुपले स्वीकृत गर्ने वा नगर्ने अधिकार यस प्राधिकरणमा सूरक्षित रहने छ ।

६) सम्वन्धित कार्यालयबाट विक्री भएको फारम भरी नआएको, सिलबन्दी भई नआएको, सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीको छाप नभएको, म्याद नाघि आएको र तोकिएको प्रकृयाहरु पूरा नगरेका बोलपत्रहरु मान्य हूने छैनन् ।

७) लिलाम हूने पूराना सामानहरुमा लाग्ने सम्पूर्ण कर शूल्क एवं अन्य दस्तूरहरु लिलाम सकार्ने व्यक्ति, फर्म वा कम्पनीले व्यहोर्नू पर्ने छ ।

८) यस सम्बन्धी अन्य जानकारीको लागि र सामानहरु हेर्न परेमा कार्यालय समय भित्र केन्द्रिय भण्डार शाखा, काठमाडौंमा सम्पर्क राखी बूझ्न वा हेर्न सकिनेछ ।

९) कार्यालयको काममा प्रयोगमा नआउने बेकम्मा पूराना सामानहरुको लिष्ट अनूसार न्यूनतम कूल रकम रु.२,८६,२१६।५७(मू.अ.कर सहित) कायम गरिएको छ ।

१०) लिलाम हूने सामानहरुको निर्देशन, शर्त र सामानहरुको विवरण लिलाम विक्रीको बोलपत्र फारममा संलग्न गरिएको छ ।

नेपाल विद्यूत प्राधिकरण
लेखा विभाग
केन्द्रिय भण्डार शाखा
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं